बैठक संख्या - २६
मिति २०७५।८।२०
समय दिउस १:००

सिद्धार्थनगर नगरपालिकाको बोर्ड बैठक नगर प्रमुख श्री हरि प्रसाद अधिकारी ज्यूको अध्यक्षतामा निम्न उपस्थिती मा बस्यो ।

## उपस्थिती

श्री हरि प्रसाद अधिकारी - प्रमुख सि.न.पा.

श्री उमा काफ्ले - उप-प्रमुख सि.न.पा.

श्री रमेश मल्ल - वडा अध्यक्ष वडा नं १

श्री दिपक कुमार थापा - " " २

श्री धनेश्वर पौडेल - " " ३

श्री मुक्तिनाथ यादव - " " ४

श्री चेत बहादुर क्षेत्री - " " ५

श्री विरेन्द्रनाथ श्रीवास्तव - " " ६

श्री भिमसेन कुमार कर्माचार्य - " " ७

श्री राजन जंग राणा - " " ८

श्री शशिकान्त भण्डारी - " " ९

श्री विजय नाथ धोबी - " " १०

श्री दिलीप कुमार यादव - " " ११

श्री कञ्चन कुमार श्रेष्ठ - " " १२

श्री सतिश प्रसाद मसोनी - " " १३

Scanned by CamScanner

श्री प्रेम कुमार सेन्चुरी – ने.पा.ए.

श्री रामदास हरिजन – " "

श्री लक्ष्मी देवी पाण्डे – " "

श्री विन्नी कुमारी जैसी – " "

श्री इन्दिरा देवी क्षेत्री – " "

श्री कृपा कुमारी सुनार बराइली – " "

श्री गुमान सिंह सुनार सोनी – " "

श्री शिव डोटे – " "

श्री श्याम बहादुर थापा – प्र.प्र. अधिकृत सि.न.पा.

बिषय

१- आगामी नगरसभा सम्बन्धमा ।

२- थप योजना तथा ल्याण्डफिल साईटको बजेट व्यवस्थापन सम्बन्धमा ।

३- टोल सुधार समितिको निर्देशिका तथा वातावरण संचालन कार्यविधि सम्बन्धमा ।

४. कर छुट सम्बन्धमा ।

५. कर्मचारी समायोजन सम्बन्धमा ।

६. सडक पेचिङ सम्बन्धमा ।

७. विविध ।

Scanned by CamScanner

निर्णय नं. १(एक)

यस नगरपालिकाको चौथो नगर सभा मिति २०७५ माघ ५ गते दिनको ११ बजे बस्ने निर्णय गरियो ।

निर्णय नं. २(दुई)

नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रमहरु मध्ये कारणवश कार्यान्वयन हुन नसकेका कार्यक्रम वा प्रतिस्पर्धामा गई बचत हुन गएको रकमबाट भुक्तानी हुने गरी निम्नानुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने र गतबर्ष भुक्तानी हुन बाँकी भएको रकमलाई भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

(क) वडा नं. १ स्थित मेडिकल कलेजको अगाडी व्यवसायीक भवन निर्माण गर्ने ।

(ख) गत आ.व. मा लागत सहभागिता ६०/४० अन्तरगत नाला निर्माण भएका सडकहरुमा वेसकोर्ष गर्ने ।

(ग) भिमगंगा निर्माण सेवाको विगतको भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्ने ।

(घ) उल्लेखित कार्यक्रमहरुका सम्बन्धमा वजेट एकिन भैसके पश्चात नगरसभाबाट अनुमोदन गराउने ।

(ङ) ल्याण्डफिल साईट व्यवस्थापनको लागि विनियोजित रकमलाई कार्य प्रकृति र तालिका अनुसार बाँफाँड गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ३(तिन)

टोल सुधार समितिको निदेशिका, २०७५ तथा अन्तर स्थानीय तह बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७५ स्वीकृत गरियो ।

निर्णय नं. ४(चार)

मिति २०७५।५।३ गते र मिति २०७५।९।१७ गते प्रकाशित सूचना बमोजिमको कर छुट सम्बन्धि भएको निर्णयलाई अनुमोदन गर्दै अगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५(पाँच)

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६(४) अनुसार नगर कार्यापालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई हाल कार्यरत साविककै पद रसोही बमोजिमको सेवा सुविधा पाउने गरी समायोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ६ (छ)

आ.व. २०७५/०७६ का लागी सडकवोर्ड नेपाल र न.पा.को संयुक्त लगानीमा सडक मर्मत संभार कार्यका लागी निम्न वमोजिमका योजनाहरु छनौट गरी संचालनका लागी सडक वोर्डमा सिफारिश गर्ने निर्णय गरियो ।

वडा नं. १. सीता पथ ।
वडा नं. २. मैत्री पथ पश्चिम दुश्यन्त थापाको घर दक्षिणको वाटो ।
वडा नं ३ अमर पथ, महाँमाया पथ ख उत्तर पट्टी खजहना पथ देखी उत्तर गौतम गुप्ताको घर सम्म, सिद्धार्थ राजमार्ग देखी पूर्व (होटल सि. प्रीन्स पूर्वकोवाटो ।
वडा नं. ४. भवानी पथ ।
वडा नं. ६. प्रवेश पथ, लक्ष्मी पथ, दया पथ, पाल्पाली पथ, निर्वाणा होटलको नजिक निर्वाणा पथ ।
वडा नं. ७. देउराली पथ, उदय पथ, भृकुटी पथ, हिमाली पथ, मेलमिलाप पथ, कमल पथ, डाडाँगाउ पिपलवोट देखी पूर्व धन कुमारी वोहराको घर सम्म ।
वडा नं. ८. लेखनाथ पथ, उचमी पथ, अन्नपूर्ण पथ, शालिग्राम पथ, शिव मन्दिर पथ, वैक कलोनी, रवी पथ दक्षिण भरत विजुक्छेको घर तर्फ, वैक कलोनी वावा छापाखाना जाने वाटो ।
वडा नं. ९. नयाँ कलोनी, कलोनी, सानो कलोनी, भानु पथ, आर्शिवाद पथ, नमुना पथ, हिमाली पथ देखी उत्तर पूर्व कृष्ण पाण्डेको घर तर्फ हरियाली पथ, गोलीगढ देखी दुमदुमुवा जानेवाटोको उत्तर तर्फ सन्देश चापागाईको घर तर्फ, नमुना पथ देखी पूर्वको वाटो ।
वडा नं. १०. वडा समितिको कार्यालय देखी दक्षीणको वाटो ।
वडा नं. ११. भुजौली गाउँ ।
वडा नं. १२. भिमकाली पथ, सुवर्ण पथ ।
वडा न. १३. मैत्री पथ पूर्व टुकनाथ कर्णको घर तर्फ ।

Scanned by CamScanner

निर्णय नं. ७(सात)

**विविध निर्णयहरु:**

सिद्धार्थनगर नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार विभिन्न स्थानमा यात्रु प्रतिक्षालय तथा ट्राफिक आईलैण्ड निर्माण तथा सञ्चालनका लागि मिति २०७५।०५।२५ मा मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वान गरिएकोमा मिति २०७५।०६।२४ मा पर्न आएका प्रस्तावदाताहरु 1.) Sun Outdoor Pvt. Ltd., Rupandehi, Nepal, 2.) Excel Group of Technologies Pvt. Ltd., Butwal Sub-metropolitan City, Rajmarga Chauraha, Rupandehi; 3.) Caldron Graphics Nepal Pvt. Ltd., Kathmandu; 4.) Kantipur Electricals, Tilottama Municipality, Rupandehi र 5) Apex Nepal Pvt. Ltd., Bansbari-3, Kathmandu को प्रस्तावहरु विस्तृत अध्ययन गरी मूल्यांकन समितिको मिति २०७५।०९।१८ को निर्णयद्वारा Sun Outdoor Pvt. Ltd., Rupandehi, Nepal ले नगरपालिकालाई दिने राजस्व सबै भन्दा बढि देखिएको र निजको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐनको दफा २७ (१) अनुसार स्वीकृतिको लागि छनौट गरी सोही ऐनको दफा २७ (२) अनुसार आशयपत्र जारी गर्न सिफारिस समेत गरेको हुँदा Sun Outdoor Pvt. Ltd., Rupandehi, Nepal को प्रस्ताव स्वीकृत गरी आसय-पत्रको सूचना जारी गर्ने ।

(ख) वडा नं. २ को सिमापथबाट दक्षिण तर्फ झण्डीबजार नजिक नगरपालिकाको संरक्षणमा रहेको जग्गा मध्ये करिब ०-४-० (चार कट्ठा) जग्गा खाद्य प्रयोगशाला निर्माण गर्न उपलब्ध गराउने ।

(ग) चारकिल्ला प्रमाणित गर्न आउदा निवेदन साथ ल्याउनुपर्ने कागज प्रमाणहरुका वारेमा सञ्चार माध्यम मार्फत सूचना प्रकाशन गर्ने ।

(ङ) आ.ब. २०७५/७६ को दलित लक्षित कार्यक्रममा विनियोजित रु ६,२७,५००।- बजेटबाट देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. सुनचाँदी गहना बनाउने तालिम | - | रु २,००,०००।०० |
| २. पञ्चेबाजा बजाउने तालिम | - | रु १,५०,०००।०० |
| ३. सिलाई कटाई तालिम | - | रु २,००,०००।०० |
| ४. दलित विद्यार्थि लक्षित कार्यक्रम | - | रु ७७,५००।०० |

चालु बैठक अन्त गरियो ।

Scanned by CamScanner